क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: १४४, २०८२ कार्तिक १९ गते बुधबार (05 Nov., 2025) -मूल्य: रु. १०।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

समयमै बसाइँसराइ दर्ता गरौं ।

बसाइँ सरेर जाँदा चाहिने कागजातहरु:
❖लगत हस्तान्तरण फाराम,
❖बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
❖१६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
❖बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
❖बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।
बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:
❖लगत हस्तान्तरण फाराम,
❖सूचकको नागरिकता ।

सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं
नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेशले जारी गरेको 'स्थानीय सेवा ऐन' संशोधन गर्न माग

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ कार्तिक**

सुदूरपश्चिम प्रदेश सरकारले २०८० सालमा जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन संशोधनका लागि स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरूले दबाब दिइरहेका छन् ।

उक्त ऐन २०८२ असार १५ मा प्रदेश राजपत्रमा प्रकाशित भएको थियो। तर कर्मचारीहरूको अवस्था, करार तथा स्थायी नियुक्ति र स्थानीय तहमा कार्य सञ्चालनका लागि आवश्यक व्यवस्थालाई लिएर स्थानीय तहका कर्मचारी र जनप्रतिनिहरुले असन्तुष्टि व्यक्त गरेका छन् ।

ऐनका केही प्रावधान अव्यवहारिक रहेको र सबै कर्मचारीलाई समेट्न नसकेको उनिहरुको दाबी छ । गत भदौ २३ गते असन्तुष्ट कर्मचारीसँग मुख्यमन्त्री कमल बहादुर शाहले भेटेर संशोधनको आश्वासन पनि दिएका थिए । तर अहिलेसम्म ऐन संशोधनका लागि ठोस पहल नचालेको भन्दै जनप्रतिनिधिहरुले सोमबार पुनः ज्ञापन पत्र बुझाउँदै ध्यानाकर्षण गराएका छन् ।

स्थानीय सेवा ऐन २०८० का दफाहरूले कर्मचारीहरूको नियुक्ति, सरुवा (बढुवा, करार र स्थायी व्यवस्थालाई समेटेका छन् । ऐन अनुसार कर्मचारीको वृत्ति विकास , आवश्यकता अनुसार करार नियुक्ति, संघीय र प्रदेश सरकारबाट तोकिएका विशेष कार्यक्रम सञ्चालनका लागि जनशक्ति व्यवस्था, शैक्षिक योग्यता, जेष्ठता, भौगोलिक वर्गीकरण र स्थानीय तहको स्वायत्ततासँग सम्बन्धित अधिकार तथा जिम्मेवारी सुनिश्चित गर्ने प्रावधान रहेका छन् ।

ऐनले स्थानीय तहको सामुदायिक स्रोतबाट प्राप्त निश्चित लाभ कटौती नहुनेगरी प्रभावकारी कामकाजका लागि व्यवस्थापनका आधारहरू पनि तय गरेको छ ।

तर, ऐन कार्यान्वयनका क्रममा कर्मचारीहरू, जनप्रतिनिधि र कर्मचारी संगठनहरूले यसको केही प्रावधानमा असहमति जनाएका छन् । ऐनले सबै कर्मचारीलाई समेट्न नसकेको, करार कर्मचारीको व्यवस्था स्पष्ट नभएको, नियमावली नबनेको र केही प्रावधान अव्यवहारिक रहेको प्रति जनप्रतिनिधि र कर्मचारीहरुको मुख्य असन्तुष्टि छ ।



उक्त ऐनको दफा १५ मा कर्मचारीले गर्नुपर्ने कामको लागि करार वा ज्यालादारीमा कर्मचारी भर्ना गर्न नपाईने व्यवस्था छ। त्यसैगरी उपदफा २ मा त्यसरी नियुक्त गरिएको पाईएमा उक्त व्यक्तिले पाएको तलब भत्ता र अन्य सुविधा वापतको रकम नियुक्त गर्ने अधिकारीबाट असुलउपर गरिने व्यवस्था छ । कर्मचारीहरूका अनुसार ऐन लागू हुँदा उनीहरूको अधिकार र पदपुर्तिमा बाधा पुग्ने सम्भावना छ ।

मुख्य चार बुँदामा ऐन संशोधनको माग गर्दै नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघ नेपालले सोमबार मुख्यमन्त्री शाहलाई ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा ऐनका दफा अनुसार भएका व्यवस्था अझ न्यायोचित, समावेशी र व्यवहारिक बनाउने, नियमावली तयार गर्ने, करार कर्मचारीको व्यवस्थालाई स्पष्ट पार्ने र स्थानीय तहका सबै कर्मचारीलाई लाभ पुग्ने गरी संशोधन गर्नुपर्ने माग राखिएको छ । नेपाल नगरपालिका संघका केन्द्रीय सदस्य एवं कञ्चनपुरको भीमदत्त नगरपालिकाका मेयर पदम बोगटीले ऐनमा रहेका प्रावधानहरू संशोधन गर्न मुख्यमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएको बताए ।

गाउँपालिका महासंघका सुदूरपश्चिम प्रदेश समिति अध्यक्ष लोकेन्द्रबहादुर शाही र नेपाल नगर पालिका संघका अध्यक्ष बिरेन्द्र भट्ट ले हस्ताक्षर गरेको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री शाहले फेरी ऐन संशोधन गर्ने आश्वासन दिएका छन् ।

मुख्यमन्त्री शाहलाई बुझाएको ज्ञापन पत्रमा ऐनको दफा १५ अविलम्ब संशोधन गरी नियमावली बनाउने, स्वीकृत दरबन्दीमा आवश्यकता र औचित्य अनुसार करार नियुक्ति गर्ने व्यवस्था मिलाउने, संघीय र प्रदेश सरकारले तोकिएका विशेष कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति करारमा राख्न सकिने व्यवस्था गर्ने, स्थानीय तहका सबै कर्मचारीको वृत्ति विकास, जेष्ठता कायम गर्ने, शैक्षिक योग्यता र करार कर्मचारीको व्यवस्थाको पुनरालोकन गर्ने, भौगोलिक वर्गीकरण र करार कर्मचारीको स्पष्ट व्यवस्थालाई नियमावलीमा उल्लेख गर्ने, र स्थानीय सरकारले सामुदायिक बनबाट प्राप्त निश्चित लाभ कटौती नगरी सहज रूपमा कार्यान्वयन गर्न सक्ने व्यवस्था सुनिश्चित गर्नु पर्ने माग छ ।

## पञ्चेश्वरका दुई वडा बल्ल जोडिए सडक सञ्जालमा



**-पश्चिम नेपाल संवाददाता**
**बैतडी, १८ कार्तिक**

बैतडीको पञ्चेश्वर गाउँपालिकाका दुई वडा स्थानीय तह निर्वाचन सम्पन्न भएको आठ वर्षपछि गाउँपालिकाको केन्द्र आम्चौरासँग सडक संजालले जोडिएका छन् ।

दसरथ चन्द नगरपालिकासँग सीमा जोडिएका गाउँपालिकाका ५ र ६ वडा अहिलेसम्म सडक संजालले नजोडिँदा यहाँका जनतालाई पालिकाको सेवा लिन घण्टौं हिँडेर जानुपर्ने बाध्यता थियो । बुढापाकालाई सामाजिक सुरक्षा भत्ता र अन्य सेवा लिन बोकेर ल्याउनु पर्थ्यो । गाडीमा ल्याउन खोज्दा जिल्लाका तीन पालिका घुमाएर ल्याउनु पर्ने बाध्यता थियो ।

अहिले महाकाली करिडोर निर्माण भएपछि यी दुई वडाबाट पालिका केन्द्रसम्म आउन सहज भएको हो । 'महाकाली करिडोरको ट्र्याकले त गाउँपालिका केन्द्रसँग जोडिदियो,' पञ्चेश्वर-५ का वडाअध्यक्ष नरेश चन्दले भने, 'करिडोरको ट्र्याकको ग्रेडिङ मिलेको छैन, केही दिनभित्रै त्यो पनि मिल्छ ।' यी दुई वडाका जनतालाई पालिका केन्द्र भन्दा पनि बैंकिङ सेवा लिन झन् टाढा आउनुपर्ने समस्या थियो । सामाजिक सुरक्षा भत्ताका लागि दुई दिनको बास बसेर पुग्नुपर्ने बाध्यता पनि सडक सञ्जाल जोडिएपछि सहज हुने वडाध्यक्ष चन्दले बताए ।

बैंकले वडामै सेवा दिन खोज्दा पनि तीन पालिका घुमेर जानु परेको नबिल बैंक शाखा पञ्चेश्वरका प्रबन्धक सम्राट सिंह महताले बताए ।

'त्यहाँका जनताको सहजताका लागि शिवनाथ मेलौली र दशरथचन्द नगरपालिकाको बाटो भएर सामाजिक सुरक्षा भत्ता वितरण गरेका थियौं,' उनले भने, 'अब सडक सञ्जालले जाडिएपछि सहज हुने भयो ।'

गाउँपालिकाले पहिले नै यी दुई वडालाई पालिका केन्द्रसम्म जोड्नका लागि सडक निर्माण गर्दा स्थानीयले जग्गा विवाद गरेपछि सडक अधुरो रहेको थियो । निर्वाचित भइसकेको दोस्रो वर्ष नै सडक निर्माण सुरु गर्दा स्थानीयको अवरोधले अहिलेसम्म सडक पुग्न नसकेको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले बताए । 'अहिले करिडोरले ट्र्याक खोलेपछि ती दुई वडाका जनतालाई पालिकाको केन्द्रसम्म पुग्न गाडीमा दुई घण्टा लाग्छ, अब केही सहज भएको छ,' उनले भने ।

## कारागारबाट भागेका २५६ कैदीबन्दी अझै सम्पर्कमा आएनन्

**-पश्चिम नेपाल संवाददाता**
**कैलाली, १८ कार्तिक**

जेन-जी आन्दोलनका क्रममा गत भदौ २४ मा कैलाली कारागारबाट भागेका कैदीबन्दीमध्ये २५६ जना अझै पक्राउ परेका छैनन् । उक्त दिन कैलाली कारागारबाट ६६५ कैदी बन्दी फरार भएका थिए । कारागारका जेलर चिरञ्जीवी सापकोटाका अनुसार सरकारले घटनालगत्तै भदौ २६ मा सूचना जारी गरी फरार कैदीहरुलाई असोज २० भित्रै फर्कन भनेको थियो । कैदीबन्दीलाई आफूखुशी फर्कन तोकिएको समय बितिसक्दा पनि २५६ कैदीबन्दी अझै सम्पर्कमा नआएको उनले बताए ।

'कैलाली कारागारका ६६७ कैदी बन्दीमध्ये घटनाका दिन ६६५ गेट तोडेर फरार भएका थिए,' जेलर सापकोटाले भने, 'कैदीबन्दी फरार हुने घटनाका बखत १ जना भाग्न नचाहेर जेलभित्रै रहे भने अर्का एकजना उपचारमा रहेका थिए ।' उनका अनुसार सोमबारसम्म फरार भएकामध्ये आफूखुशी र सुरक्षाकर्मीले पक्राउ गरेकाहरु ३९६ जना कारागार फर्केका छन् ।

जेलर सापकोटाका अनुसार कारागारमा फर्केकाहरुमा अन्य कारागारबाट फरार भएकामध्ये २० जना कैलाली कारागारमा फर्केका छन् भने कैलालीबाट फरार भएका ११ जना अन्य कारागारमा फर्केका छन् । 'कानुनी प्रक्रियाअन्तर्गत कैदको अवधि पूरा गरेका केही कैदी यो बीचमा थुनामुक्त पनि भएका छन्,' उनले भने, 'हाल कारागारमा सोमबार फरार भएकामध्ये आफूखुशी फर्केकी १ महिला, ३६ महिलासहित ४ सय कैदीबन्दी रहेका छन् ।'



भदौ २४ गते दिउँसोको घटनामा आन्दोलनकारीको ठूलो समूह कारागारको बाहिरी गेट तोडेर कारागार परिसरमा प्रवेश गरेको थियो । घटनास्थलमा रहेका एक प्रहरी सुरक्षाकर्मीका अनुसार बन्दीगृहको गेट तोडेर बाहिर भाग्दै गरेका कैदीबन्दी र बाहिरबाट आएको आन्दोलनकारीको उग्र समूहकाबीच दोहोरो झडप नहुँदा उक्त घटनामा कोही हताहत भएनन् । 'कारागारको एक गाडी आगजनी गरी पूर्ण रुपमा क्षतिग्रस्त हुन पुग्यो भने प्रहरी कर्मचारीको स्कुटर र साइकिल पनि आन्दोलनकारीले तोडफोड गरे ।

उक्त घटनाका बखत २१ जना भारतीय कैदीबन्दी कारागारमा थिए । उनीहरुमध्ये २ जना कारागार फर्केका छन् भने अझै १९ जना फरार अवस्थाका रहेको जेलर सापकोटाले बताए । ठूलो संख्यामा कैदीबन्दी फरार हुँदा सुरक्षाकर्मीका हातहतियार भने सुरक्षित अवस्थामै रहेको पनि उनले जानकारी दिए ।

## बाजुरामा औल (बेँसी) झर्न थाले भेडीगोठ



**-पश्चिम नेपाल संवाददाता**
**बाजुरा, १८ कार्तिक**

बाजुराका उच्च भूभागमा चिसो बढेसँगै भेडीगोठ औल (बेँसी) झार्न थालिएका छन् । कात्तिकको पहिलो सातादेखि यहाँका गाउँहरूमा चिसो सुरु भएसँगै, बुढीनन्दा नगरपालिकाका प्रेमसिङ्ग गुरुङका अनुसार, भेडाबाख्राको चरनको लागि कठिनाइ भएपछि भेडीगोठलाई बेँसीतर्फ सार्ने परंपरा जारी छ ।

पूर्वी उत्तर क्षेत्रका स्थानीयहरूले पुराना पुस्तादेखि भेडापालनका लागि औल (बेँसी) झार्ने चलन कायम राखेका छन्, जहाँ चैत वैशाखको समयमा गर्मीका कारण भेडीगोठलाई तलो क्षेत्रतर्फ फर्काउने गरिन्छ । पहिले भेडीगोठलाई विभिन्न ठाउँमा लाने र त्यहाँका स्थानीयसँग दैनिक उपभोग्य सामान जस्तै नुन, तेल र चामलको कारोबार गर्ने चलन थियो, तर अहिले सडकको पहुँचसँगै गाडीले यी सामानहरू सिधै घरसम्म पुर्याउने भएका छन् ।

यसका साथै, सामुदायिक वनको व्यवस्थापनका कारण भेडाबाख्राको चरनको समस्या बढेको छ, जसले भेडापालनमा चुनौती ल्याएको छ। अहिले पनि बाजुरामा ६ सय ७३ भेडीगोठमा लगभग ४१ हजार भेडाबाख्रा रहेका छन्, तर चरनका क्षेत्रमा अभावका कारण भेडापालन गर्ने संख्या घट्दै गएको छ ।

क्षेत्रीय अखबार
पश्चिम नेपाल दैनिक



# घोडाघोडी तालमा पर्यटकको आगमन बढ्दै

**–पश्चिम नेपाल संवाददाता**
**कैलाली, १८ कार्तिक**

जैविक विविधता र पर्यटकीय महत्त्वका कारण घोडाघोडी तालमा तिहारपछि आन्तरिक र बाह्य पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ ।

यहाँ आउने अधिकांश पर्यटकहरू घोडाघोडीताललाई प्रमुख गन्तव्य मानेर भ्रमण गर्न आएका छन् भने कतिपय पर्यटक अन्य स्थानहरू घुम्नै जाँदा तालको दृश्यावलोकनका लागि समय निकालेर यहाँ पुग्ने गरेका छन् ।

बाँकेको कोहलपुरबाट कञ्चनपुरसम्म भ्रमण गरेका पर्यटकहरूको एउटा समुह घोडाघोडी तालमा पुगेपछि प्राकृतिक सौन्दर्यमा रमाइरहेका थिए ।

त्यही समुहकी पर्यटक सम्झना चौधरीले यसलाई आफ्नो पहिलो अनुभव बताउँदै भनिन्, "सुनेको थिए तर घुम्न आएको थिइन । यो ताल निकै ठूलो छ, यहाँ दिनभर घुम्न सकिन्छ । अर्को पटक यस तालमा दिनभर घुम्न आउनु पर्छ ।"

तालको वरिपरि पर्यटनको विकाससँगै वनभोजको व्यवस्था पनि गरिएको छ । टेग्नुवा महिला सामुदायिक वन क्षेत्रमा वनभोजका लागि विशेष स्थान छुट्टाइएको छ, जहाँ अहिले पर्यटकको



भिड पनि बढेको छ । भजनीबाट वनभोज कार्यक्रमका लागि आएका निशा चौधरीले भनिन्, "साथीहरूसँग वनभोज गर्दा नाचगान र घोडाघोडी ताल घुम्ने अवसर पाइन्छ, त्यसैले हामी यहाँ आएका हौं ।"

घोडाघोडी तालमा पर्यटकको संख्या बढेसँगै यहाँका ठेला व्यवसाय पनि राम्रो चलेका छन्। स्थानीय गीता घर्तिले तिहारपछि पर्यटकको आगमनमा वृद्धि भएको बताउँदै दैनिक ३,००० देखि ५,००० रुपैयाँसम्म पोशाक भाडामा दिन र तस्बिर खिचेर आम्दानी भइरहेको बताइन् ।

यसैबीच, घोडाघोडी ताल क्षेत्रको प्रवेश शुल्क पनि दस रुपैयाँ तोकिएको छ । पहिले घोडाघोडी संरक्षण तथा जनजागरण मञ्चले यो शुल्क उठाइरहेपनि, अहिले सामुदायिक वन उपभोक्ता समूहले शुल्क उठाउन थालेको छ । सामुदायिक वनका अध्यक्ष दीपक शाहका अनुसार, "घोडाघोडी नगरपालिकाले ठेक्कामा शुल्क उठाउन दिने योजना बनाएको थियो, तर नगरपालिका र मञ्चको बीचमा समन्वय नगरी काम अघि बढ्न सकेको छैन । हामीले यो शुल्क उठाउन थालेका हौं।"

उठेको शुल्क घोडाघोडी तालको विकासमा लगाउने योजना गरिएको छ, र यस क्षेत्रको फोहर संकलनको जिम्मा एक जनालाई दिइएको छ जसलाई मासिक आठ हजार रुपैयाँ तलब दिइन्छ।

यस बीच, घोडाघोडी नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि ताल क्षेत्रको एकद्धार राजस्व सङ्कलनको लागि १५ लाख रुपैयाँको ठेक्का आव्हान गरेको थियो। तर, थप ठेक्का रकम ४१ लाख रुपैयाँको ठेक्का स्थानीय धनन्जय कठायतलाई परेको र सम्झौतामा ढिलाइ भएको कारण ठेक्का कार्यान्वयनमा अझै समस्या आएको छ ।

# देबताल एजुकेशनद्वारा प्रहरीलाई कुर्सी र टर्च हस्तान्तरण

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ कार्तिक**

देबताल एजुकेशन रिसर्च सेन्टरले कञ्चनपुरको सालघारी प्रहरीचौकीलाई कुर्सी, प्लाष्टिक टेबुल र टर्च सहयोग गरेको छ। देबताल एजुकेशन रिसर्च सेन्टरले भीमदत्त नगरपालिका १८ सालघारीको कुर्सी, प्लाष्टिक टेबुल र टर्च सहयोग गरेको हो ।

एजुकेशन रिसर्च सेन्टरका प्रशिक्षक एव लेखक अनिल चन्दले जनताको सुरक्षामा खटिने प्रहरीका लागि सक्दो सहयोग गरेको बताए । भवनदेखि फर्निचर बस्ने अभाव भएपछि देबताल रिसर्च सेन्टरले तीन थान कुर्सी, तीन थान टेबुल र १टर्च दिएको बताए । प्रहरी चौकी इन्चार्ज रुकुमसिह महराले रातीका बेला उज्यालोदेखि सेवाग्राहीलाई बस्नका लागि सहयोग हुने बताए । चन्दले भवन मर्मतका लागि समेत आवश्यक सहयोग गर्ने बचन दिएका छन । दशक अघि तत्तकालिन सुप प्रदेशका प्रहरी प्रमुख डिआईजी जय बहादुर चन्दले उक्त चौकी उद्घाटन गरेका थिए ।

**सृजनात्मक बचत तथा ऋण सहकारी संस्था लि.**
**भीनपा ११ गड्डाचौकी, कञ्चनपुर**

**१६ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना**

यस श्री सृजनात्मक बचत तथा ऋण सहकारी संस्था लि.को १६ औं वार्षिक साधारण सभा तपशिलको मिति, सयम र स्थानमा सम्पन्न हुने भएकोले संस्थाका सम्पूर्ण शेयर धनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**
**(क) मिति** : २०८२ मंसिर ६ गते
**(ख) समय** : बिहान ११:०० बजे
**(ग) स्थान** : डायमण्ड पब्लिक एकेडेमी भीनपा १० गड्डाचौकी

**साधारण सभाका प्रस्तावहरू**
(१) सचिवद्वारा प्रस्तुत हुने प्रतिवेदन
(२) कोषाध्यक्षद्वारा प्रस्तुत हुने प्रतिवेदन
(३) आ.व. २०८१/०८२ लेखा परीक्षण प्रतिवेदन
(४) आ.व. २०८२/०८३ को अनुमानित आय व्यय
(५) आ.व. २०८२/०८३को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक
(६) निर्णय पुस्तिकामा प्रमाणीकरणका लागि प्रतिनिधि छनौट
(७) विविध

**मदन सिह क्षेत्री**
**अध्यक्ष**

# कैलालीमा ७ प्रतिशतले घट्यो धानको उत्पादन

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, १८ कार्तिक**

कैलालीमा धानको उत्पादन घटेको छ। गत वर्ष कैलालीमा २ लाख ४६ हजार ५ सय मेट्रिक टन धान उत्पादन भएकोमा यस वर्ष घटेर २ लाख २९ हजार २सय ४५ मेट्रिक टन मात्रै उत्पादन भएको हो ।

यस वर्ष ५ देखि ७ प्रतिशतले धान उत्पादन घटेको कृषि ज्ञान केन्द्र कैलालीका प्रमुख टेकबहादुर बिष्टले बताए । उनले भने 'पर्याप्त वर्षा नहुँदा समयमै रोपाई हुन सकेन, त्यसका कारण उत्पादनमा असर पुगेको छ । विद्युतको पावर अभावका कारण पम्पबाट पानी तानेर रोपाई गर्न सकिने अवस्था थिएन ।' धान रोपिसकेपछि किसानहरूले पर्याप्त मल नपाएका कारण पनि उत्पादन घटेको उनले बताए ।

उनले भने, 'लामो समय खडेरी र दोस्रोपटक पनि मलको अभावले उत्पादनमा गिरावट आएको हो।' कैलालीमा ९३ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये ७२ हजार ५ सय हेक्टरमा धान खेती गरिन्छ ।



सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालयले कैलालीमा एक हजार चार सय नौ क्विन्टल धान खरिद गरेको छ । गत बुधवारबाट धान खरिद सुरु गरेको खाद्य कम्पनीले जिल्लाका विभिन्न धान खरिद केन्द्रबाट आइतवारसम्म उक्त धान खरिद गरेको हो । कार्यालय प्रमुख दीपक थापाका अनुसार खाद्य कम्पनीले जिल्लाको मोहनपुर, गौरीगंगा, टीकापुर, सत्ती, भजनी र जोशीपुरमा खरिद केन्द्रबाट धान खरिद गरिरहेको छ ।

मोहनपुरबाट धान खरिद सुरु गरेको खाद्य कम्पनीले आइतबारबाट सबै खरिद केन्द्रबाट धान खरिद गरिरहेको उनले जानकारी दिए। जिल्लामा मोटा धान खरिद गरिहेको खाद्यले सरकारले निर्धारण गरेको न्युनतम समर्थन मूल्यमा किसानबाट धान खरिद भइरहेको उनले बताए । नेपाल सरकारले यस वर्ष मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ३ हजार ४६३।८१ निर्धारण गरेको छ ।

खाद्यले जिल्लामा पहिलो चरणका लागि धान खरिद कोटा ३५ हजार क्विन्टल निर्धारण गरेको छ । खाद्य कम्पनीले धान खरिद सुरु गरेसँगै किसानलाई ठूलो राहत भएको छ। यसअघि किसान सस्तोमा व्यापारीलाई धान बिक्री गर्न बाध्य बाध्य भएका थिए ।

**लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा**

लाईफ केयर प्याथोलोजी द्धारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेको जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ


डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाइड्रोशिल, हर्निया, बावासिर, पेट रोग विशेषज्ञ

**लाईफ केयर क्लिनिक**
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath



# जेसीजको राष्ट्रिय अध्यक्षमा कार्कीको उम्मेदवारी दर्ता

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, १८ कार्तिक**



नेपाल जेसीजका अनुभवी र समर्पित नेता जेसी जीवनकार्कीले वर्ष २०२६ का लागि राष्ट्रिय अध्यक्ष पदमा औपचारिक रूपमा उम्मेदवारी दर्ता गरेका छन् । 'एकताको संकल्प, रूपान्तरणको यात्रा' भन्ने नाराका साथ उनले उम्मेदवारी दर्ता गरेका हुन् । उनी रामेछाप जेसीजको आधिकारिक प्रस्तुतिका रूपमा यो महत्वपूर्ण नेतृत्वका लागि प्रतिस्पर्धामा उत्रिएका हुन् ।

रामेछापको चुनौतीपूर्ण परिवेशबाट नेतृत्वको यात्रा सुरु गरेका जेसी कार्कीको कथा संघर्ष, समर्पण र रूपान्तरणको प्रतिमूर्ति हो । सन् २०१५ मा रामेछाप जेसीजबाट सदस्यता लिएका उनी सन् २०२१ मा शाखा अध्यक्ष बने ।

त्यसपछि, २०२२ मा राष्ट्रिय उपाध्यक्ष र २०२३ मा राष्ट्रिय कार्यकारीणी उपाध्यक्षको जिम्मेवारी सम्हालेर उनले संगठनलाई नीति, प्रशिक्षण र सहकार्यमा नयाँ दिशा प्रदान गरेका थिए । ईटहरी जेसीजको आतिथ्यतामा भएको नेपाल जेसीजको ५१ औं राष्ट्रिय महाधिबेशनमा राष्ट्रिय अध्यक्ष पदका लागि प्रतिस्पर्धा गर्दा उनले इमानदार, शालीन र प्रेरणादायी नेतृत्वको छवि स्थापित गर्दै '**He won by heart but lost by vote cast**' को उपमा पाएका थिए ।

**संकल्प २०२६ र संगठनको भिजन**:

जेसी कार्कीले आफ्नो उम्मेदवारीलाई '**Project Sankalpa** २०२६' "एकताको संकल्प, रूपान्तरणको यात्रा"नाम दिएका छन् । उनको मुख्य विषयवस्तु तथा उनको प्रकरण "**Aim . Act . Achieve**" रहेको छ । उनको कार्यदिशामा नेतृत्वलाई पदको सट्टा जिम्मेवारीका रूपमा लिने सोच रहेको छ । उनले स्पष्ट रूपमा लक्ष्य निर्धारण (**Aim**) गर्ने, दृढताका साथ कार्यन्वयन (**Act**) गर्ने, र सफलता हासिल (**Achieve**) गर्ने प्रक्रिया मार्फत रूपान्तरणको यात्रा सम्भव हुने बताएका छन् ।

**प्रतिबद्धताहरू** : जेसीकार्कीले एकता, सहकार्य र स्पष्ट कार्यदृष्टिका माध्यमबाट जेसीजलाई अझ प्रभावशाली, सक्षम र भविष्य(उन्मुख बनाउन सकिने विश्वास व्यक्त गरेका छन् ।


उनले आगामी यात्रालाई व्यक्तिगत नभई साझा प्रगतिको अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता जनाएका छन् । "**Project Sankalpa** २०२६" मार्फत जेसी कार्कीले **JCI Nepal** भित्रयुवा, महिला र सबै अध्यायहरू बीच सहकार्य, पारदर्शिता र समावेशीताको भावनालाई पुनर्जीवित गर्ने लक्ष्य लिएका छन् । उनको उद्देश्य **JCI Nepal** लाई केवल एक संगठन मात्र नभई राष्ट्र निर्माणको प्रेरणा बन्न सक्नेगरी सशक्त बनाउनु रहेको छ ।

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

छानको बालुवा र गिट्टी चाहिएमा ।

यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।
हाम्रा उत्पादनहरु
बेड 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

नि:शुल्क लोकसेवा कक्षा सञ्चालन हुने बारे सुचना
जय देबताल बाबा ।।
अनलाईन कक्षा तथा भौतिक कक्षा सञ्चालन हुने
लोक सेवा आयोगतर्फ: शाखा अधिकृत, ना.सु.,खरिदार
सङ्गठित संस्था सहायक द्वितीय, चौथो तह, पूर्व योग्यता परीक्षाको लिखित तयारी कक्षा
प्राविधिक तर्फ: स्टाफ नर्स, अनमी,अहेव,कृषि तथा भेटेनरी
सुरक्षा निकाय तर्फ लोक सेवा बिशेष तयारी कक्षा
नेपाली सेना, सशस्त्र प्रहरी, नेपाली प्रहरी लोक सेवा आयोग लिखित तयारी कक्षाहरु
नेपाली सेनातर्फ: अधिकृत क्याडेट (Second Lieutenant) सेकेण्ड लेफ्टिनेन्ट, सैन्य
सशस्त्र प्रहरीतर्फ: प्रहरी निरीक्षक(इन्सपेक्टर), अ.स.ई. (ASI), नेपाल प्रहरी जवान
नेपाली प्रहरी तर्फ: प्रहरी निरीक्षक (इन्सपेक्टर), अ.स.ई. (ASI), नेपाल प्रहरी जवान
राष्ट्रिय अनुसन्धान विभाग : अनुसन्धान अधिकृत, सहायक सुचक, अन्य प्राविधिक

देबताल एजुकेशन रिसर्च सेन्टर
EDUCATION IS THE PATHWAY TO SUCCESS...
सम्पर्क कार्यालय
अत्तरिया शालिक चोक पूर्वपट्टी DXN Office संगै
9761183767, 9814522551

प्रधान कार्यालय
भृकुटी स्कूलको व्यावसायिक भवनको तेस्रो तला
9814522551, 9820558221

विशेषज्ञ डाक्टरहरु सौजन्य मेडिकलमा
डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ठ नाक, कान, घाटी रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो शनिबार
डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
प्रत्येक महिनाको पहिलो शनिबार
डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
प्रत्येक महिनाको दोस्रो शनिबार
डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
प्रत्येक महिनाको अन्तिम शनिबार
डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
हरेक महिना तेस्रो शुक्रबार र शनिबार
सुविधाहरु: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि ।
सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।

-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

**जिल्ला हुलाक कार्यालय कञ्चनपुर**



खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

# डा. अर्जुन भट्ट

(MBBS, MD GP) *NMC No. 11978*

*महाकाली अस्पतालका कन्सल्टेन्ट फेमली फिजिसियन* (पेट छाति, मुटु दम, हाडजोर्नी, नसा मृगौला तथा थाईराईड रोग विशेषज्ञद्वारा नियमित चेकजाँच गराईनुका साथै हाइड्रोसिल हर्निया, एपेन्डिक्स, पाईल्स सम्बन्धि उपचार तथा विभिन्न प्रकारका भेक्सिन (निमोनिया, टिटनस, रेविज, हेपटाईटिस बी आदि) को सुविधा प्रदान गरिन्छ । **विशेष: जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) लाई परामर्श शुल्कमा ३३% छुटको सुविधा छ । डा. आउने समय : प्रत्येक दिन विहान : ७ बजेदेखि ९:30 बजेसम्म र बेलुका: ३ बजेदेखि ८ बजेसम्म**

# स्थान: सौभाग्य मेडिको

अस्पताल गेट महेन्द्रनगर, फोन ९८४८७२०२५८, ९८४८७२५११४



EMERGENCY 24 HOUR SERVICE

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

ANAND HOSPITAL & RESEARCH CENTRE

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**



## डा. भावेश

M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes &
Endrocrinologyu, (जनरल मेडिसिन)

**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**

***मुटु रोगको सम्पूर्ण सफल उपचार***

**उपचार हुने रोग वा समस्याहरू** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार

***प्रत्येक दिन***

## डा. योगेश नागेंदर

MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

## डा. जेम्स मारक

MBBS, MD,
रेडियोलोजिष्ट RML

**अल्ट्रासाउण्ड सम्बन्धि बिरामीहरुका लागि**

***प्रत्येक दिन***

## डा. कुलदिप सिंह खडायत

MBBS, DNS (Surgery) (जनरल सर्जन)

**शरीरमा आउने गाठागुठीको उपचार**

**उपचार हुने रोग वा समस्याहरू** : पित्तथैलीको कार्लप्लाडरको पथ्थरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।

***प्रत्येक दिन***

## डा. हिना(स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)

महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार

***प्रत्येक दिन***

## नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार

**उपचार हुने समस्याहरू :**
नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप

**डाक्टर भेटिने समय:**

***प्रत्येक दिन***

***सुविधाहरू:*** *I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप, सी.पेप, भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।*

## डा. गणेश बी. एल.

M.Ch (Neurosurgery)DELHI AIIMS
(वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म )

**आइन्टो, बेसफुलर, ब्रेन एवं स्पाइन रोग विशेषज्ञ**

***मस्तिष्क सम्बन्धि सम्पूर्ण उपचार हुने***

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

***आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र*** *Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७